LCCI
ललितपुर उद्योग वाणिज्य संघ
LALITPUR CHAMBER OF COMMERCE & INDUSTRY

मिति : २०७७ बैशाख २० गते

पत्र संख्या : लउवा/२०७७/च.नं.

## प्रेश विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) का कारणले समग्र आर्थिक क्षेत्रमा गहिरो प्रतिकुल प्रभाव परिसकेको छ । जसले गर्दा निजि क्षेत्र अत्यन्त चिन्तित रहेको छ । यस्तो विषम परिस्थितिबाट देशको अर्थतन्त्रलाई पुनर्जागरण र चलायमान गर्न नेपाल सरकारले पनि अन्य राष्ट्रहरुले जस्तैनै विभिन्न राहतका प्याकेजहरु घोषणाको साथै आवश्यक निर्णयहरु गरी सशक्त कदम चाल्न अत्यन्त जरुरी भएको छ ।

सरकारले गरेको लकडाउनलाई निजि क्षेत्रले समर्थन र सहयोग गर्दै संक्रमण फैलन नदिनका लागि राज्यलाई सहयोग गर्न निजी क्षेत्र सदैव तयार रहेको छ । ललितपुर उद्योग वाणिज्य संघले आफ्नो सामर्थले भ्याएसम्म लकडाउनबाट प्रभावित सर्वसाधारणलाई राहत सामाग्री वितरणका लागि ललितपुर जिल्लाको तीन वटै स्थानिय निकायलाई विविध खाद्य सामाग्री हस्तान्तरण गरेको छ भने संघकै अनुरोधमा यस्तो प्रकोपको समयमा पनि बजारमा अत्यावश्यक वस्तु तथा सेवाको वितरण तथा आपूर्ति सहज गर्न सहयोगीको भूमिका निर्वाह गर्ने सम्पूर्ण व्यवसायीहरुलाई "आफु पनि बचौं अरुलाई बचाऔं" भन्दै संघ उनीहरुको योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

महिनौ सम्मको लकडाउनका कारण पुंजीको तरलतामा गम्भीर असर परेको छ । यस्तो अवस्थामा लकडाउन खुल्ला गरे पश्चात निजी क्षेत्रले आफ्ना कर्मचारी तथा मजदुरको पारिश्रमिक, बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋणको व्याज र किस्ता, घर तथा गोदामको भाडा, कर राजश्वको भुक्तानी गर्न सक्ने अवस्था रहन्न । अतः यस्तो विषम परिस्थितिको सामना निजी क्षेत्र एक्लैले गर्न सक्दैन । यस्तोमा राज्यले ठुला ठुला राहतका कार्यक्रम ल्याएर निजी क्षेत्रलाई बचाउनु पर्दछ । अन्यथा राज्यको अर्थतन्त्रनै धरापमा पर्ने निश्चित छ ।

यो यथार्थलाई राज्यले यथासक्य चांडो मनन गर्दै निजि क्षेत्रलाई जोगाउन अभिभावकको भूमिका निर्वाह गर्दै यस ललितपुर उद्योग वाणिज्य संघको निम्न विषयमा तत्कालै राज्यको ध्यानाकर्षण गराउन चाहन्छौं ।

- लकडाउन अवधिसम्मको व्याज मिनाहा गर्नु पर्ने ।
- कर राजश्वमा लाग्ने आयकर ५० प्रतिशत छुट हुनु पर्ने ।
- लडडाउन अवधिमा कच्चा पदार्थको म्याद सकिएमा त्यस्को नोक्सानी सरकारले व्यहोर्नु पर्ने ।
- व्यवसाय संचालनको लागि पुन कर्जाको व्यवस्था गर्नु पर्ने ।
- पारिश्रमिक भुक्तानीमा निजीक्षेत्रले ५० प्रतिशत मात्र भुक्तानी दिए पुग्ने व्यवस्था गर्नु पर्ने ।
- निर्माण कार्यको अवधिलाई असार मसान्त सम्मको सट्टामा म्याद थपको व्यवस्था हुनु पर्ने ।

कृष्ण लालमहर्जन
अध्यक्ष

P.O. Box : 26 (Lalitpur)
Tel : 977-1-5521740, 5530663, 5539963
Fax : 977-1-5530661

STOP Child Labour

पो.ब.नं. : २६ (ललितपुर)
फोन : ९७७-१-५५२१७४०, ५५३०६६३, ५५३९९६३
फ्याक्स : ९७७-१-५५३०६६१

E-mail: lcci@ntc.net.np, Website: www.lcci.org.np, Facebook: www.facebook.com/lcci.org.np